सधै र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण

Khabar Darpan National Daily


राष्ट्रिय दैनिक

♦ वर्ष १० ♦ अंक ३७ ♦ २०८३ साल मंसीर ५ शनिवार ♦ 21 Nov 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९



तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

मधेशमा धारा १६८(३) अनुसार सरकार गठन गर्न जसपाको माग



खबर दर्पण समाचारदाता

मंसीर ४ गते, बर्दिवास

मधेश प्रदेशमा नयाँ सरकार गठनको प्रक्रिया अन्योलमा परि रहेका बेला जनता समाजवादी पार्टी (जसपा) नेपालले संविधानको धारा १६८ को उपधारा (३) अनुसार सरकार गठनका लागि आह्वान गर्न माग गरेको छ ।

प्रदेश प्रमुखले संविधानको धारा १६८ को उपधारा (२) अनुसार दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमतको सर कार गठन गर्न दिएको समयसीमाभित्र कुनै पनि दलले दाबी पेस गर्न नसकेपछि जसपाले उपधारा (३) अनुसार सरकार गठनको प्रक्रिया अघि बढाउन माग गरेको हो ।

नेकपा एमाले, नेपाली कांग्रेस र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले भने उपधारा (२) अनुसार सरकार गठनका लागि दाबी पेस गर्ने समय थप गर्न प्रदेश प्रमुखसँग आग्रह गरेका छन् ।

प्रदेश प्रमुखले गत कार्तिक २८ गते उपधारा (२) अनुसार बहुमतको सरकार गठनका लागि आह्वान गर्दै मंसिर ४ गते अपराह्न ४ बजेसम्मको समय दिएका थिए । तर, निर्धारि त समयभित्र दलहरूले सरकार गठनका लागि दाबी पेस गर्न सकेनन् ।

कांग्रेससमेत एमाले र नेकपासँगै प्रदेश प्रमुखको कार्यालय पुगेपछि प्रदेशसभाको सबैभन्दा ठूलो दल जसपा थप सशंकित बनेको छ ।

जसपाको तर्कमा उपधारा (२) अनुसार सरकार गठनका लागि आह्वान भइसके पनि त्यसअनुसार सरकार गठन हुन नसकेकाले अब उपधारा (३) अनुसार प्रक्रिया अघि बढाउनुपर्छ ।

संविधानको धारा १६८ को उपधारा (३) मा प्रदेशसभामा सबैभन्दा ठूलो दलको संसदीय दलका नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने व्यवस्था छ । यस व्यवस्थाअनुसार मधेशमा सबैभन्दा ठूलो दलको हैसियतमा रहेको जसपाले सरकारको नेतृत्व दाबी गर्न सक्ने देखिएको छ ।



मधेशमा सरकार गठनका लागि समय थप्न तीन दलको आग्रह



खबर दर्पण समाचारदाता

मंसीर ४ गते, बर्दिवास

मधेश प्रदेशमा नयाँ सरकार गठनका लागि दाबी पेस गर्ने समय थप गर्न तीन राजनीतिक दलले प्रदेश प्रमुखसँग आग्रह गरेका छन् ।

नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टीका संसदीय दलका नेताहरूले संविधानको धारा १६८ को उपधारा (२) अनुसार सरकार गठनका लागि दाबी पेस गर्ने समय थप गर्न माग गरेका हुन् ।

प्रदेश प्रमुखको कार्यालयले शुक्रबार अपराह्न ४ बजेसम्म दाबी पेस गर्न दिएको समयसीमा सकिनै लाग्दा तीनै दलका नेताहरू थप समय माग गर्दै प्रदेश प्रमुखको कार्यालय पुगेका थिए ।

कांग्रेस संसदीय दलका नेता एवं निवर्तमान मुख्यमन्त्री कृष्णप्रसाद यादव, एमाले संसदीय दलका नेता सरोजकुमार यादव र नेपाली कम्युनिष्ट पार्टीका संसदीय दलका नेता युवराज भट्टराईले आवश्यक राजनीतिक छलफल जारी रहेकाले समय थप गर्न आग्रह गरेका हुन् ।

तीन दलबीच सरकार गठनका विषयमा सहमति जुट्न नसकेपछि निर्धारित समयभित्र दाबी पेस हुन सकेको थिएन । उनीहरूले संविधानको धारा १६८ को उपधारा (२) बमोजिम नै सरकार गठनको प्रक्रिया अघि बढाउन थप समय दिन प्रदेश प्रमुखसमक्ष आग्रह गरेका छन् ।

गौशालामा उखुबारीभित्र महिलाको शव फेला

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

मंसीर ४ गते, महोत्तरी

महोत्तरीको गौशाला नगर पालिका-१ सानो कुशमाडीस्थित उखुबारीमा एक महिलाको शव फेला परेको छ। स्थानीय ६५ वर्षीया विणामाया पुलामीको शव शुक्रबार बिहान फेला परेको हो।



प्रहरीका अनुसार पुलामी बिहीबार घाँस काट्न घरबाट निस्किएकी थिइन्। घरबाट निस्किएकी उनी शुक्रबार बिहान उखुबारीमा मृत अवस्थामा फेला परेकी हुन्।इलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक मधुसुदन विश्वकर्माका अनुसार शवको प्रकृति हेर्दा महिलाको हत्या भएको हुनसक्ने प्रारम्भिक आशंका गरिएको छ। उनको घाँटीमा गम्छा कसिएको जस्तो देखिएको उनले बताए।

'गम्छाले घाँटी कसेको जस्तो देखिन्छ। हत्याको आशंकामा सूक्ष्म अनुसन्धान थालेका छौं,' प्रहरी निरीक्षक विश्वकर्माले भने। घटनाको अनुसन्धानका लागि प्रहरी नायब उपरीक्षक (डीएसपी) समेत घटनास्थल पुगेका छन्। प्रहरीले तालिमप्राप्त कुकुर परिचालन गरी घटनास्थलमा प्रमाण संकलन तथा अनुसन्धान अघि बढाएको जनाएको छ।

घटनामा संलग्न व्यक्तिको पहिचान तथा मृत्युको वास्तविक कारण खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ। शवको थप परीक्षण तथा अनुसन्धानपछि घटनाबारे थप तथ्य खुल्ने अपेक्षा गरिएको छ।

मितव्ययी रुपमा चाडपर्व मनाऔं

- चाडपर्व मनाउदा आम्दानी अनुसारको योजना बनाएर मात्र खर्च गरौं,
- देखासिकी र प्रतिस्पर्धाका लागि ऋण लिएर अनावश्यक खर्च नगरौं,
- आवश्यकता अनुसार मात्र सरसामान खरिद गर्ने बानी बसालौं,
- खरिद गर्दा स्थानीय तथा स्वदेशी उत्पादनलाई प्राथमिकता दिऔं,
- खाना तथा अन्य सामग्री खेर नफालौं,
- मितव्ययिता अपनाई परिवारको आर्थिक स्थायित्व कायम गरौं,
- चाडपर्वलाई अनावश्यक भड्किलो र खर्चिलो नबनाऔं ।

चाडपर्वको खुसी खर्चको प्रतिस्पर्धामा होइन, आत्मीयता र सद्भावमा हुन्छ ।

लक्ष्मीनिया गाउँपालिका, धनुषा

खबर दर्पण
राष्ट्रिय दैनिक

पार्टीको विधान, देशको कानुन र निर्वाचन आयोगको निर्देशिका अनुसार नै महाधिवेशन प्रक्रिया अघि बढिरहेको छ : नेता निधी

खबर दर्पण समाचारदाता
मंसीर ४ गते, बर्दिवास



नेपाली काँग्रेस संस्थापन इतर समूहका नेता विमलेन्द्र निधीले पार्टीको विधान, देशको कानुन र निर्वाचन आयोगको निर्देशिकाअनुसार नै महाधिवेशन प्रक्रिया अघि बढिरहेको बताउनुभएको छ ।

शुक्रबार जनकपुरधाममा सञ्चारकर्मीसंगको कुराकानीमा नेता निधीले १५औँ महाधिवेशन मङ्सिर २१, २२ र २३ गते काठमाडौँमा आयोजना गर्नका लागि विधान, देशको कानुन र निर्वाचन आयोगको निर्देशिकाअनुसार नै आवश्यक प्रक्रिया अघि बढाइएको बताउनुभएको हो ।

महाधिवेशनको तयारीस्वरूप १६५ क्षेत्रमध्ये १४४ क्षेत्रको क्षेत्रीय अधिवेशन र ७७ मध्ये ५२ जिल्लाको जिल्ला अधिवेशन सम्पन्न भइसकेको तथा बाँकी क्रममा रहेको उहाले बताउनुभयो ।

त्यस्तै नेता निधिले प्रधानमन्त्रीको भारत भ्रमणका क्रममा जनकपुर देखि अयोध्यासम्मको रेल सेवा नियमित रूपमा सञ्चालन गर्न तथा जनकपुरमा हवाई सेवा सुरु गर्न पहल हुनुपर्ने बताउनुभयो ।

भ्रमणका क्रममा नेपालको आर्थिक विकास, सीमा, यातायात र अन्य सम्बन्धित विषयमा सकारात्मक प्रगति हुने विश्वास रहेको उहाको भनाइ छ ।

बालबालिकालाई डिजिटल जोखिमबाट सुरक्षित गरौं

- बालबालिकालाई सुरक्षित र जिम्मेवार डिजिटल प्रयोगबारे सचेत गराऔं,
- व्यक्तिगत विवरण, पासवर्ड र गोप्य जानकारी सुरक्षित राख्न सिकाऔं,
- अपरिचित व्यक्तिसँग अनलाइन सम्पर्क गर्दा सावधानी अपनाऔं,
- शंकास्पद लिङ्क, सन्देश र सामग्रीबाट टाढा रहन प्रेरित गरौं,
- इन्टरनेट प्रयोगमा अभिभावकीय निगरानी र संवाद बढाऔं,
- सामाजिक सञ्जालको सकारात्मक र मर्यादित प्रयोग गरौं,
- अनलाइन दुर्व्यवहार भए/गरेको पाइएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं।

प्रविधिको सही प्रयोगमार्फत बालबालिकाको सुरक्षित भविष्य निर्माण गरौं

विदेह नगरपालिका, धनुषा

मधेशको शिक्षा सुधार्न स्थानीय तह र विद्यालयले अभिभावकीय जिम्मेवारी लिनुपर्छ : पूर्वराष्ट्रपति यादव



खबर दर्पण समाचारदाता
मंसीर ४ गते, बर्दिवास

पूर्वराष्ट्रपति डा. रामवरण यादवले मधेश प्रदेशको खस्किँदो शैक्षिक अवस्था सुधार गर्न स्थानीय तह, विद्यालय र समुदायले अभिभावकीय जिम्मेवारी निर्वाह गर्नुपर्ने बताएका छन् ।

शुक्रबार जनकपुरधाममा आयोजित प्रिन्सिपल एसोसिएसन नेपाल (प्यान) को केन्द्रीय अधिवेशन उद्घाटन समारोहलाई सम्बोधन गर्दै पूर्वराष्ट्रपति यादवले शिक्षा क्षेत्रको गुणस्तर सुधारका लागि स्थानीय सरकार , विद्यालयका प्रधानाध्यापक र समुदायबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताए ।

उनले विगतमा शिक्षा समुदायको स्वामित्व र प्रत्यक्ष निगरानीमा रहेकाले विद्यालयप्रति स्थानीय समुदायको अपनत्व र जिम्मेवारी बढी हुने गरेको स्मरण गरे । तर, शिक्षा सरकारी नियन्त्रणमा गएपछि यसको गुणस्तर क्रमशः खस्किँदै गएको उनको टिप्पणी थियो ।

'पहिले समुदायको हातमा शिक्षा थियो । जबदेखि शिक्षालाई सरकारले आफ्नो हातमा लियो, त्यही बेलादेखि शिक्षा बरबाद हुन सुरु भयो,' उनले भने, 'अब शिक्षाको बागडोर सम्बन्धित स्थानीय सरकारले लिनुपर्छ । विद्यालयका प्रधानाध्यापकले पनि आफ्नो जिम्मेवारी पूरा गरे मात्र मधेशको शिक्षाको अवस्था सुधार गर्न सकिन्छ ।'

पूर्वराष्ट्रपति यादवले शिक्षा सुधारको प्रमुख आधार समुदायको सक्रिय सहभागिता भएको उल्लेख गर्दै स्थानीय समुदायलाई तीनै तहका सरकारले आवश्यक सहयोग र सहजीकरण गर्नुपर्नेमा जोड दिए ।

विद्यालयको शैक्षिक वातावरण सुधार, विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि तथा शिक्षण प्रणालीलाई प्रभावकारी बनाउन समुदायको प्रत्यक्ष भूमिका आवश्यक रहेको उनको भनाइ थियो ।

स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले आपसी समन्वय र सहकार्यका साथ विद्यालयलाई समुदायसँग जोड्न सके मात्रै विगतको गुणस्तरीय शिक्षा प्रणाली पुनःस्थापित गर्न सकिने उनले बताए ।

मधेशको समग्र सामाजिक तथा आर्थिक विकासका लागि शिक्षा क्षेत्रको सुधार अपरिहार्य रहेको उल्लेख गर्दै यादवले विद्यालय, शिक्षक, प्रधानाध्यापक र समुदाय सबैले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्नुपर्नेमा जोड दिए ।

☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

जनकपुर

धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि.	५२५८००
जनपा वारुण यन्त्र	५२००११
एम्बुलेन्स (सरोज फाउण्डेशन)	५२२८०६
एम्बुलेन्स (मारवाडी सेवा समिति)	–५२२७६२, ५२१७८४
एम्बुलेन्स (जानकी मेडिकल कलेज)	–५२६०९०, ५२६०९१
महाविर युवा कमिटी ऐंबुलेंस्	२५९८०
कृष्णा नर्सिंग होम	५२१९१८
जनकपुर मेडिकल सेन्टर	५२०७१४
जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर	५२३३२८
जनकपुर रेल्वे	५२०२११
आँखा अस्पताल	५२०३९७
जनकपुर सुरक्षा गुल्म	५२०१८६/५२६५८६
प्रहरी	५२००९९
एम्बुलेन्स रेडक्रस	१०२
जनकपुर अञ्चल अस्पताल	५२००३३
बछ्यार प्रसुति सेवा केन्द्र	५२२४५७
विद्युत फ्युज शाखा	५२०१५१
बुद्ध एयर	५२५०२२
गोर्खा एयर	५२१२९४
सीता एयर	५२५९९०
जानकी केबल टिभी नेटवर्क	५२३७२८

वर्दिवास

बर्दिवास अस्पताल	५५००९०
ट्राफीक प्रहरी	५५००५५
छिन्नमस्ता सशस्त्र प्रहरी गण	५५०४०४
जिल्ला खानेपानि (गौरी डाडाँ)	५५०००५
ढल्केवर (नो लाईट)	०४१-५६००६८
सुरक्षा क्याम (रेडियो नेपाल)	५५००२३
बर्दिवास नगरपालिका	५५००३१
खानेपानि कार्यालय	५५०११०
प्रहरी	५२०१९९
प्रहरी	५२००९९
बर्दिवास दुरसञ्चार	५५००००
पारिजात स्मृति अस्पताल	५५०३७२
नेपाल परिवार नियोजन संघ	५५०१०७
इलाका प्रहरी कार्यलय वर्दिवास	५५०००६
खानेपानी बर्दिवास	५५०१४३
रेडक्रस एम्बुलेन्स	५२०१००
मेरी स्टोप्स सेन्टर	५५०१२६
शुभ स्वस्तिक हस्पिटल	५५०२५५
जनसेवा हस्पिटल	५५०४०६
बर्दिवास आँखा अस्पताल	५५०४७७
इलाका प्रशासन कार्यालय वर्दिवास	५५०६६८
IRDS समाज सहकारी अस्पताल	५५०४०१

ढल्केवर

खानेपानी	९८२४८०५९५०
इलाका प्रहरी कार्यालय	०४१-५६०१००
प्रहरी	५२००९९
विद्युत फ्युज शाखा	०४१-५६०१६८
एम्बुलेन्स	९८०४८६७५५४
एम्बुलेन्स	९८१५८३२०३२
ओम शान्ति पोलिक्लिनिक	०४१-५६०१५२

जलेश्वर

अस्पताल	५२००७०
प्रहरी	५२०००९
अस्थायी प्रहरी चौकी भीठामोड	५२०२०९
एम्बुलेन्स	५२०१००
विद्युत्	५२००६६
विद्युत्	५२०११६

महेन्द्रनगर

एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर)	४१-५४०२३२
महेन्द्रनगर,धनुषा	९८४४०२४४५०/ ९८०४८२५८६०
एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज)	०४१-६२०४९१ ९८०४८१५१२६
इलाका प्रहरी कार्यालय महेन्द्रनगर	५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर	५४०१६१

धनुषाको छोटी भन्सार कार्यालय परिसरमा एक पुरुषको शव फेला

खबर दर्पण समाचारदाता

मंसीर ४ गते, बर्दिवास

धनुषाको जनकनन्दिनी गाउँपालिका-२, बलहागोठस्थित छोटी भन्सार कार्यालयको परिसरमा शुक्रबार बिहान एक अपरिचित पुरुषको शव फेला परेको छ ।

इलाका प्रहरी कार्यालय खजुरीका प्रहरी निरीक्षक दिनेशबहादुर कुँवरका अनुसार ३५ वर्षीय पुरुषको शव फेला परेको हो । मृतकको पहिचान खुल्न नसकेको र शरीरमा बाहिरी चोटपटकसमेत नदेखिएको उहाँले जानकारी दिनुभयो ।

प्रहरी निरीक्षक कुँवरले प्रारम्भिक अनुमानका आधारमा मृतक प्लास्टिक सङ्कलन गर्ने भारतीय नागरिक हुन सक्ने बताउनुभयो । यद्यपि, मृतकको पहिचान र मृत्युको वास्तविक कारण पुष्टि हुन बाँकी रहेको उहाँको भनाइ छ ।

शवलाई परीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पठाइएको प्रहरीले जनाएको छ ।

घटनाबारे थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय खजुरीले जनाएको छ ।

प्रविधिको प्रयोग व्यवस्थित गरौं

- प्रविधिको प्रयोगलाई आवश्यक र उद्देश्यपूर्ण बनाऔं,
- परिवार र साथीभाइसँग प्रत्यक्ष संवाद र समय बिताउने बानी बसालौं,
- सामाजिक सञ्जालको जिम्मेवारीपूर्ण र मर्यादित प्रयोग गरौं,
- पारिवारिक र सामाजिक सम्बन्धलाई प्राथमिकता दिऔं,
- डिजिटल उपकरणको अत्यधिक प्रयोगबाट हुने नकारात्मक असरप्रति सचेत बनौं,
- बालबालिकालाई सुरक्षित, सन्तुलित र सिर्जनात्मक प्रविधि प्रयोगमा अभिप्रेरित गरौं,
- व्यक्तिगत गोपनीयता र साइबर सुरक्षामा विशेष ध्यान दिऔं,
- प्रविधिलाई मानव सम्बन्ध, शिक्षा, सेवा र विकासको सशक्त माध्यमका रूपमा प्रयोग गरौं।

हंसपुर नगरपालिका, धनुषा

कर तिर्ने संस्कृतिको विकास गरौं

- कानुनबमोजिम समयमै कर तिरी जिम्मेवार नागरिक बनौं,
- प्रत्येक खरिद-बिक्रीमा अनिवार्य रूपमा बिल-बिजक लिऔं र दिऔं,
- कर छली तथा अवैध कारोबारलाई निरुत्साहित गरौं,
- डिजिटल माध्यमबाट भुक्तानी गरी सेवा सहज बनाऔं,
- करदाताका अधिकार र कर्तव्यबारे सचेत बनौं,
- पारदर्शी, इमानदार र जिम्मेवार कर संस्कृतिको विकास गरौं,
- करबाट संकलित राजस्व राष्ट्रको विकास र सार्वजनिक सेवामा उपयोग हुने हुँदा राष्ट्र निर्माणमा सहभागि बनौं।

कर तिर्नु नागरिकको दायित्व र राष्ट्रप्रतिको योगदान हो।

बटेश्वर गाउँपालिका, धनुषा

विज्ञापन बोर्डमा सूचीकृत हुनुभयो त ?

- विज्ञापन कारोबार गर्ने संचारमाध्यम तथा विज्ञापन एजेन्सीहरु प्रचलित कानूनबमोजिम विज्ञापन बोर्डमा सूचीकरण तथा नवीकरण हुनुपर्छ,
- विज्ञापनसम्बन्धी कारोबारलाई व्यवस्थित, पारदर्शी र मर्यादित बनाउन सूचीकरण तथा नवीकरण हुने व्यवस्थाको अनिवार्य पालना गरौं,
- विज्ञापन सामग्री उत्पादन, प्रकाशन, प्रसारण तथा वितरण गर्दा प्रचलित कानूनको पालना गरौं,
- भ्रमपूर्ण, अतिरञ्जित तथा उपभोक्ता हित विपरितका विज्ञापन नगरौं/नगराऔं,
- व्यवस्थित विज्ञापन बजार निर्माणमा विज्ञापनदाता, सञ्चारमाध्यम र विज्ञापन व्यवसायी लगायत सबै जिम्मेवार बनौं ।

विज्ञापन बजारलाई व्यवस्थित र मर्यादित बनाउन सबैले हातेमालो गरौं ।

क्षीरेश्वरनाथ नगरपालिका, धनुषा

जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत बनौं

- जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, स्वास्थ्य र जैविक विविधतामा पार्ने असरबारे सचेत बनौं,
- बाढी, पहिरो, डुबान, खडेरी तथा अन्य जलवायुजन्य जोखिमको पूर्वतयारी गरौं,
- वन तथा प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिऔं,
- नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौं,
- वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरी कार्बन उत्सर्जन घटाउन सहयोग गरौं,
- जलस्रोतको संरक्षण गरौं र जलवायु परिवर्तनअनुकूल जीवनशैली अपनाऔं,
- प्लास्टिक तथा फोहोरजन्य प्रदूषण न्यूनीकरण गरौं,
- जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔं ।

जलवायु परिवर्तनको असरबारे सचेत बनौं,
जलवायु-उत्थानशील समाज निर्माण गरौं ।

नगराईन नगरपालिका, धनुषा

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनी दर्ता खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०६१।०७।२६ मा दर्ता भएको प्रा.लि.नं.३१५४१ भएको सन्ध्या मेटल तथा फर्निचर उद्योग (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८३।०८।०४ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनी दर्ता खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०८०।११।२७ मा दर्ता भएको प्रा.लि.नं.३३०९०९ भएको कनेक्सन फर कनेक्टिभिटी (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८३।०८।०४ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनी दर्ता खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०६६।१२।०१ मा दर्ता भएको प्रा.लि.नं.७१३०२ भएको मोक्ष प्रोडक्सन (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८३।०७।३० निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"

सवारी साधनमा सीट बेल्ट लगाउनुहोस

"सुरक्षितमा सवारी चलाउनुहोस् - सीट बेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन!"

मिथिला नगरपालिका, धनुषा

कृत्रिम बुद्धिमत्ता (AI) को उचित प्रयोग गरौं

- कृत्रिम बुद्धिमत्ताको प्रयोग मानव हित, नैतिकता र कानुनी व्यवस्था अनुसार गरौं,
- कृत्रिम बुद्धिमत्ताबाट प्राप्त जानकारीको सत्यता र विश्वसनीयता पुष्टि गरेर मात्र प्रयोग गरौं,
- व्यक्तिगत गोपनीयता र संवेदनशील जानकारीको सुरक्षा सुनिश्चित गरौं,
- कृत्रिम बुद्धिमत्ताको प्रयोगबाट गलत सूचना तथा भ्रमपूर्ण सामग्रीको प्रचारप्रसार नगरौं,
- शिक्षा, स्वास्थ्य, कृषि, उद्योग र सार्वजनिक सेवामा कृत्रिम बुद्धिमत्ताको उचित प्रयोगलाई प्रोत्साहन गरौं,
- डिजिटल सीप र कृत्रिम बुद्धिमत्तासम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मानव निर्णय, उत्तरदायित्व र पारदर्शितालाई प्राथमिकता दिऔं ।

जनकपुरधाम उपमहानगरपालिका

विपद्को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं

- विपद्को समयमा डर, तनाव, चिन्ता, दुःख तथा असहज महसुस हुनु स्वाभाविक हो,
- आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं,
- विपद्को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
- अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

विपद्को समयमा एक-आपसमा मनोबल बढाऔं,
मानसिक स्वास्थ्य जोगाऔं ।

औरही गाउँपालिका, धनुषा

गौशालामा तेस्रो मेयर कप सुरु,युवालाई खेलकुदमार्फत दुर्व्यसनबाट जोगाउने लक्ष्य

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'
मंसीर ४ गते, महोत्तरी

महोत्तरीको गौशाला नगर पालिकामा शुक्रबारदेखि तेस्रो मेयर कप नगरस्तरीय क्रिकेट प्रतियोगिता सुरु भएको छ। नगर पालिकाको आयोजनामा गौशालास्थित बिर्ता खेलमैदानमा सुरु भएको प्रतियोगिताको उद्घाटन नगर प्रमुख डा.दीपेन्द्र महतोले गर्नुभयो।

प्रतियोगिताको उद्घाटन गर्दै नगर प्रमुख महतोले पछिल्लो समय युवापुस्ता लागुऔषध दुर्व्यसनको सिकार बन्दै गएकाले उनीहरूलाई खेलकुदतर्फ आकर्षित गर्नुपर्ने बताउनुभयो। खेलकुदले युवामा अनुशासन कायम गर्नुका साथै शारीरिक तथा मानसिक स्वास्थ्य सुधार गर्न र सामाजिक विकृति न्यूनीकरणमा सहयोग पुऱ्याउने उहाँको भनाइ थियो।

'बिना उद्देश्य गाउँघरमा समय बिताउने युवालाई खेलकुदमा आकर्षित गर्नुपर्छ। अहिले देखासिकीका कारण गाँजा, ट्याब्लेटलगायतका लागुपदार्थ सेवन गर्ने युवाको सङ्ख्या बढ्दै गएको छ, जुन समाजका लागि गम्भीर चुनौती हो,' उहाँले भन्नुभयो।

विद्यालय जाने उमेरका युवासमेत अभिभावकको निगरानी र मार्गदर्शनको कमीका कारण दुर्व्यसनमा फस्दै गएको उल्लेख गर्दै उहाँले परिवार, विद्यालय, समाज र स्थानीय सरकार सबैले यसतर्फ ध्यान दिनुपर्ने बताउनुभयो।

युवालाई खेलकुदमा सहभागी गराएर लागुऔषध दुर्व्यसनबाट टाढा राख्ने नगरपालिकाको लक्ष्य रहेको उहाँले बताउनुभयो। दुर्व्यसनमा फसेका युवालाई आवश्यक परामर्श, उपचार र पुनःस्थापनामार्फत पुनः विद्यालय तथा समाजमा फर्काउने र लागुऔषधको अवैध कारोबार मा संलग्नलाई कानुनी दायरामा ल्याउन नगरपालिका प्रतिबद्ध रहेको उहाँको भनाइ थियो।

नगरप्रमुख महतोले नेपाल प्रिमियर लिग (एनपीएल) का कारण देशभर क्रिकेटप्रति आकर्षण बढेको र त्यसको प्रभाव मधेसमा समेत देखिएको बताउनुभयो। गौशाला नगर पालिकाले पनि सुरुदेखि नै खेलकुद क्षेत्रलाई प्राथमिकता दिँदै नियमित रूपमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गर्दै आएको उहाँले जानकारी दिनुभयो।

क्रिकेटको विकासका लागि नगर पालिकाले क्रिकेट एकेडेमी स्थापना गर्ने परिकल्पनासहित बजेट विनियोजन गरे पनि केही कानुनी जटिलताका कारण काम सुरु हुन नसकेको उहाँले बताउनुभयो। एकेडेमी स्थापनाको योजना भने कायमै रहेको र आवश्यक कानुनी प्रक्रिया पूरा गरी अघि बढाइने उहाँको भनाइ थियो।

नगरपालिकाले आफ्नै पुरुष क्रिकेट टिम निर्माण गरिसकेको छ। नगरपालिकाका १२ वटै वडाबाट खेलाडी छनोट गरी तयार गरिएको उक्त टिमका खेलाडीलाई गत वर्षदेखि मासिक तीन हजार रुपियाँ प्रोत्साहन रकम उपलब्ध गराउँदै आएको र यस वर्ष पनि निरन्तरता दिइने नगरप्रमुख महतोले बताउनुभयो। खेलाडीलाई नियमित प्रशिक्षण दिनुका साथै जिल्ला तथा प्रदेशस्तरीय प्रतियोगितामा सहभागी गराउने व्यवस्था गरिएको उहाँले जानकारी दिनुभयो।

यसअघि सञ्चालन गरिएका पहिलो र दोस्रो मेयर कप प्रतियोगितामा देखिएका कमी-कमजोरी सुधार गर्दै तेस्रो प्रतियोगितालाई थप व्यवस्थित बनाउने प्रयास गरिएको उहाँले बताउनुभयो। प्रतियोगिता सुरु हुनुअघि १२ वटै वडाका क्रिकेट टिमका व्यवस्थापक र कप्तानसँग छलफल गरी विगतका समस्या, खेल व्यवस्थापन र आगामी योजनाबारे सुझाव सङ्कलन गरिएको उहाँले जानकारी दिनुभयो। खेलाडीले राखेका गुनासा र सुझावलाई सम्बोधन गर्दै प्रतियोगितालाई थप प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरिएको उहाँको भनाइ थियो।

पुरुष क्रिकेटसँगै गौशाला महिला क्रिकेट टिमले पनि पछिल्लो दुई वर्षमा राम्रो प्रगति गरेको नगर प्रमुख महतोले बताउनुभयो। गौशाला नगरपालिका र पैरवी मञ्चको सहयोगमा महिला क्रिकेट खेलाडीलाई करिब साढे दुईदेखि तीन महिनासम्म प्रशिक्षण प्रदान गरिएको थियो। महिला खेलाडीलाई जर्सी, ज्याकेट, जुत्ता, ब्याट र बललगायतका खेल सामग्री उपलब्ध गराउँदै आएको उहाँले जानकारी दिनुभयो।



पुरुष क्रिकेट खेलाडीलाई दिइँदै आएको प्रोत्साहनजस्तै आगामी दिनमा महिला क्रिकेट खेलाडीलाई पनि आर्थिक प्रोत्साहन वा मासिक स्टाइपेन्ड उपलब्ध गराउने योजना रहेको उहाँले बताउनुभयो। यसका लागि आवश्यक कानुनी तथा नीतिगत व्यवस्था मिलाइने उहाँको भनाइ थियो।

नगरपालिकाले राष्ट्रियस्तरका खेलाडीलाई समेत प्रोत्साहन गर्ने उद्देश्यले एक राष्ट्रिय खेलाडीलाई मानार्थ छैटौँ तहको अधिकृतमा नियुक्त गरी गत वर्षदेखि तलब उपलब्ध गराउँदै आएको नगरप्रमुख महतोले जानकारी दिनुभयो।

गौशालामा व्यवस्थित खेलमैदानको अभाव पूर्ति गर्न मरहा पुलपारि पेट्रोल पम्पभन्दा दक्षिणतर्फ रहेको करिब १५ देखि १६ बिघा जग्गालाई खेलमैदानका रूपमा विकास गर्ने तयारी भइरहेको उहाँले बताउनुभयो। उक्त जग्गा अतिक्रमण गरी बसेकालाई खाली गराउन सूचना जारी गर्ने र आगामी १० देखि १५ दिनभित्र खेल्न योग्य मैदान निर्माणको काम सुरु गर्ने लक्ष्य रहेको उहाँले जानकारी दिनुभयो। खेलमैदान व्यवस्थापनका लागि चालु आर्थिक वर्षको बजेटमा रोलर खरिद गर्ने व्यवस्था गरिएको पनि उहाँले बताउनुभयो।

खेलकुद क्षेत्रको विकासका लागि नगरपालिकाको शिक्षा तथा युवा खेलकुद शाखामा कार्यरत सुकेश यादवसहित खेलकुदकर्मीले प्रशिक्षण तथा खेलाडीको क्षमता अभिवृद्धिमा योगदान दिइरहेको उहाँले उल्लेख गर्नुभयो। खेलकुद समिति गठन भएपछि खेलकुदसम्बन्धी योजना तथा कार्यक्रमलाई थप व्यवस्थित रूपमा कार्यान्वयन गर्न सहज हुने उहाँको भनाइ थियो।

शुक्रबारदेखि सुरु भएको प्रतियोगिताको उद्घाटन खेलमा गौशाला नगरपालिका-१ रामनगर र वडा नं. २ निगौलका क्रिकेट टिमबीच प्रतिस्पर्धा भएको थियो। नगरपालिकाका १२ वटै वडाका टिम सहभागी हुने प्रतियोगितामा स्थानीय खेलाडीले आफ्नो प्रतिभा प्रदर्शन गर्ने अवसर पाउनेछन्।

उद्घाटन समारोहमा विभिन्न विद्यालयका शिक्षक, विद्यार्थी, खेलप्रेमी तथा स्थानीयवासीको सहभागिता रहेको थियो। नगर प्रमुख महतोले प्रतियोगिताको तयारी र व्यवस्थापनमा खटिएका शिक्षा तथा खेलकुद शाखाका कर्मचारी, खेलकुदकर्मी, आयोजक तथा सहयोगीप्रति धन्यवाद व्यक्त गर्नुभयो।

नगरपालिकाले क्रिकेटसहित समग्र खेलकुदको पूर्वाधार विकास, खेलाडी उत्पादन, नियमित प्रशिक्षण र महिला तथा पुरुष क्रिकेट टिमको क्षमता अभिवृद्धिलाई प्राथमिकतामा राखेको जनाएको छ। खेलकुदलाई युवाको प्रतिभा विकाससँगै लागुऔषध दुर्व्यसन नियन्त्रण र सामाजिक विकृति न्यूनीकरणको माध्यम बनाउने नगरपालिकाको लक्ष्य रहेको छ।

मड्सिरको तेस्रो सातादेखि कमला पुल सञ्चालनमा ल्याउने तयारी

खबर दर्पण समाचारदाता
मंसीर ४ गते, बर्दिवास

धनुषा र सिराहा जिल्लालाई जोड्ने कमला नदीको पुल मड्सिरको तेस्रो सातादेखि सञ्चालनमा ल्याउने तयारी गरिएको छ । पुल निर्माणसँग सम्बन्धित अधिकांश काम सम्पन्न भए पनि नदीको धार परिवर्तन गरी पुलमुनिबाट पानी बगाउने काम बाँकी रहेकाले सञ्चालनको समय केही पछाडि सारिएको हो ।

हुलाकी राजमार्ग योजना कार्यालय जनकपुरका अनुसार मड्सिरको पहिलो सातादेखि नै पुल सञ्चालनमा ल्याउने तयारी गरिएको थियो । तर, नदीको धार परिवर्तन गर्ने काममा अपेक्षाभन्दा बढी समय लागेपछि मड्सिरको तेस्रो सातादेखि मात्र पुलबाट नियमित यातायात सञ्चालन गर्ने तयारी गरिएको हो ।

पुलमा एक्सपान्सन ज्वाइन्ट, नदीको प्यानालाइजेसन तथा रेलिङ निर्माणको काम सम्पन्न भइसकेको कार्यालयले जनाएको छ । हाल नदीको पूर्वी किनार तर्फबाट बगिरहेको पानीको धार परिवर्तन गरी पुलमुनिबाट बगाउने काम भइरहेको छ । यसका लागि एक सातादेखि निरन्तर काम भइरहेको हुलाकी राजमार्ग योजना कार्यालयका प्रमुख कृष्णकुमार महतोले जानकारी दिनुभयो ।

उहाँका अनुसार दीपावली र छठ पर्वका कारण कामदार घर गएको तथा नदीमा पानीको बहाव बढेकाले निर्माण कार्य केही प्रभावित भएको हो । नदीको धार परिवर्तन गर्न बाँस र जस्तापाताको प्रयोग गरेर कामलाई तीव्रता दिइएको उहाँले बताउनुभयो ।

"पहिलो चरणमा पैदलयात्री र मोटरसाइकललाई पुल प्रयोग गर्न दिने तथा मड्सिरको तेस्रो सातादेखि सबै प्रकारका सवारीसाधन सञ्चालन गर्ने गरी तयारी भइरहेको छ," उहाँले भन्नुभयो ।

यसअघि मड्सिर २ गते भौतिक पूर्वाधारमन्त्री सुनील लम्सालबाट पुल उद्घाटन गर्ने कार्यक्रम तय गरिएको थियो । तर, नदीको धार परिवर्तन गर्ने काममा थप समय लाग्ने भएपछि उद्घाटन तथा सञ्चालनको कार्यक्रम मड्सिरको तेस्रो साताका लागि सारिएको कार्यालयले जनाएको छ ।

कमला नदीको पुल निर्माण कार्य करिब डेढ दशकदेखि अलपत्र अवस्थामा थियो । यस वर्ष भौतिक पूर्वाधार मन्त्रालयले पुल निर्माणका लागि २५ करोड रुपियाँ विनियोजन गरेपछि निर्माण कार्यले गति लिएको हो । पुल सञ्चालनमा ल्याउन भौतिक पूर्वाधारमन्त्री सुनील लम्साल र प्रधानमन्त्री वालेन्द्र शाहले समेत चासो देखाउनुभएको सांसद बब्लु गुप्ताले बताउनुभयो ।



पप्पु-लुम्बिनी बिल्डर्सले पुल निर्माण सम्पन्न गरी उद्घाटनको तयारी गरिरहेका बेला २०७८ असार १७ गते आएको बाढीले पुलका पूर्वी र पश्चिमी दुवैतर्फका पाया भासिएका थिए । त्यसपछि पुल प्रयोगविहीन अवस्थामा पुगेको थियो ।

लामो समयदेखि पुल सञ्चालनमा नआउँदा धनुषा र सिराहाका स्थानीयवासीले आवागमनमा सास्ती बेहोर्दै आएका छन् । पुल सञ्चालनमा आएपछि दुई जिल्लाबीचको आवागमन सहज हुनुका साथै व्यापार, व्यवसाय र स्थानीय आर्थिक गतिविधिमा समेत सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२५८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२५०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,